जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २१३ • २०८३ जेठ १० गते आईतवार • 24 May. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## स्थानीय योजना निर्माण प्रक्रियामा बालबालिकाको सक्रिय सहभागिताका लागि गाउपालिकास्तरीय बाल भेला आयोजना

**मो. इर्शाद**
**महोत्तरी, ९ जेठ**

बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै स्थानीय योजना निर्माण प्रक्रियामा उनीहरूको आवाज समेट्ने उद्देश्यले पिपरा गाउँपालिकास्तरीय बाल भेला सम्पन्न गरिएको छ। कार्यक्रम आज (शुक्रबार) पिपरा गाउँपालिकाको सभा हलमा सम्पन्न गरिएको हो ।

सेभ द चिल्ड्रेन, रतौली युवा क्लब तथा पिपरा गाउँपालिकाको समन्वयमा आयोजित कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा बालबालिकाको सहभागिता रहेको थियो । बाल भेलामा सहभागी बालबालिकाहरूले आफ्नो प्रमुख बुँदाहरुमा विद्यालय तथा सार्वजनिक स्थलमा आवश्यक पूर्वाधार र बालमैत्री वातावरण निर्माणका लागि विभिन्न योजना तथा सुझाव प्रस्तुत गरेका थिए। उनीहरूले विद्यालय र चोकहरूमा जेब्रा क्रसिङ निर्माण गर्नुपर्ने, विद्यालय नजिक रहेका पोखरीहरूमा घेराबेरा गर्नुपर्ने, विद्यालय आसपासका सडकहरूमा



लोगो सहित "धूमपान तथा लागू पदार्थ निषेध क्षेत्र" घोषणा गर्नुपर्ने माग गरेका थिए। त्यसैगरी विद्यालय क्षेत्रलाई ध्वनिमुक्त तथा शान्ति क्षेत्र घोषणा गर्नुपर्ने, मावि पिपरामा जडान गरिएका पंखाहरू सञ्चालनमा ल्याउनुपर्ने, विषयगत शिक्षकको व्यवस्था गर्नुपर्ने, पुस्तकालय तथा कम्प्युटरको पहुँच बढाउनुपर्ने, बालबालिकाको पहुँचमा खानेपानीका धारा जडान गर्नुपर्ने तथा विपन्न परिवारका बालबालिकालाई निःशुल्क कोचिङ कक्षाको व्यवस्था गर्नुपर्ने मागसमेत बालबालिकाले राखेका थिए । रेडियो अप्पन मिथिलाका पत्रकार इर्शादले कार्यक्रममा विद्यालयमा बालबालिकाले सामना गरिरहेका विविध समस्याहरू प्रस्तुत गर्दै भने, "यदि क्लबले पालिकासँग समन्वय गरेर काम नगरेको भए अहिले शिक्षाको अवस्था के हुन्थियो भने कुरा हामीले कल्पना पनि गर्न सक्दैनौ ।" त्यस्तै वडा नं. ६ का अध्यक्ष अरुण पुर्वेले बालबालिकालाई लागू पदार्थको दुर्व्यसनबाट टाढा राख्न सबै पक्ष जिम्मेवार हुनुपर्नेमा जोड दिए । उनले लागू औषध दुर्व्यसन न्यूनीकरणका लागि अभिभावक र समुदायको भूमिका महत्वपूर्ण रहने बताए। कार्यक्रममा बोल्दै प्रमुख प्रशासकीय अधिकृत सन्तोष कुमार मिश्रले बालश्रमविरुद्ध

बांकी पृष्ठ २ मा ।

## जनकपुरधाममा १९औं राष्ट्रिय सोतोकान कराते प्रतियोगिता सुरु



**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ९ जेठ**

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने मूल नारासहित जनकपुरधामस्थित धनुषा जिल्ला खेलकुद विकास समिति (कभर्ड हल) मा शुक्रबारदेखि "१९औं राष्ट्रिय सोतोकान कराते प्रतियोगिता तथा तेस्रो वडाअध्यक्ष कप खेलकुद कार्यक्रम-२०८३" सुरु भएको छ । दुई दिने प्रतियोगिताको उद्घाटन प्रतिनिधिसभा सदस्य तथा राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय प्रवक्ता मनिष झा ले गरेका हुन्। कार्यक्रममा बोल्दै उनले खेलकुदले युवामा अनुशासन, आत्मविश्वास र सकारात्मक सोच विकास गर्ने उल्लेख गर्दै राष्ट्रको पहिचान स्थापित गर्न खेल क्षेत्रको महत्वपूर्ण भूमिका रहने बताए। जनकपुरधाम उपमहानगरपालिका-८ वडा कार्यालयको आयोजनामा भएको प्रतियोगिताको पहिलो दिन विभिन्न विधाका प्रतिस्पर्धा आकर्षक र प्रतिस्पर्धात्मक बनेका थिए ।

कार्यक्रममा खेलकुद परिषद्का सदस्य लभ अधिकारी, पूर्व वडा अध्यक्ष अवधेश पोखरेल, कराते प्रशिक्षक सुभाष पाठक तथा राम बाबु साहलगायत खेलकर्मी, रेफ्री टोली, मेडिकल टिम र खेलप्रेमीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । प्रतियोगिता सफल बनाउन वडा अध्यक्ष दिनेश कुमार सिंहको विशेष सक्रियता रहेको आयोजकले जनाएको छ ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence


**बालबालिकाको खानपान र स्वास्थ्यमा ध्यान दिऔं ।**

- सन्तुलित र पौष्टिक आहार नियमित खुवाऔं,
- जंकफुड तथा अत्यधिक चिनी, नुन र तेलयुक्त खानेकुरा घटाऔं,
- नियमित खोप लगाऔं, स्वास्थ्य जाँच समयमै गराऔं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- हातधुने र सरसफाइ गर्न सिकाऔं,
- पर्याप्त निद्रा र दैनिक खेलकुद/व्यायाममा प्रोत्साहन गरौं,
- मोबाइल/स्क्रिन समय सीमित गरौं,
- मानसिक स्वास्थ्य र सकारात्मक व्यवहारमा ध्यान दिऔं ।

**स्वस्थ बालबालिका, उज्जवल भविष्यको आधार ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



सम्पादकीय......................

## समाजको संयुक्त प्रयास आवश्यक

*नेपालमा दीर्घकालीन राष्ट्रिय विकास दृष्टिकोणको कमी रहेको देखिन्छ । सरकार परिवर्तनसँगै योजना तथा प्राथमिकता बदलिने प्रवृत्तिले निरन्तरता कायम हुन सकेको छैन । विकासलाई राजनीतिक मुद्दाभन्दा राष्ट्रिय अभियानका रूपमा लिन आवश्यक भए पनि व्यवहारमा त्यो देखिएको छैन । विकासका लागि राष्ट्रिय एकता, साझा लक्ष्य तथा दिगो नीति आवश्यक रहेको हुन्छ, तर नेपालमा अल्पकालीन लोकप्रियता र राजनीतिक लाभलाई प्राथमिकता दिइने भएकाले दीर्घकालीन योजनाहरू प्रभावकारी बन्न सकेका छैन । यसर्थ, नेपाल विकास हुन नसक्नुका कारणहरू राजनीतिक अस्थिरता, भ्रष्टाचार, कमजोर शिक्षा प्रणाली, बेरोजगारी, कृषि तथा औद्योगिक पिछडापन, कमजोर पूर्वाधार, प्राकृतिक स्रोतको अपर्याप्त उपयोग तथा सामाजिक असमानतासँग सम्बन्धित रहेको देखिन्छ ।*

*यद्यपि, नेपालसँग अझै पनि विकासका विशाल सम्भावना रहेको छ । यदि राजनीतिक स्थायित्व कायम गर्न सकियो, सुशासन र पारदर्शिता स्थापित गरियो, शिक्षा र उत्पादनलाई जोडियो, युवाशक्तिलाई देशभित्र अवसर प्रदान गरियो तथा प्राकृतिक स्रोतको वैज्ञानिक उपयोग गरियो भने नेपालले तीव्र विकास गर्न सक्छन । विकासका लागि सरकार मात्र होइन, नागरिक, निजी क्षेत्र, बुद्धिजीवी तथा सम्पूर्ण समाजको संयुक्त प्रयास आवश्यक हुनुपर्ने देखिन्छ ।*

# राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाराको विस्तारित बैठकमा दुई पक्षबीच झडप

**जलेश्वरटुडे समाचारदाता**
**बारा, ९ जेठ**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाराको विस्तारित बैठकमा दुई पक्षबीच झडप हुँदा दुई नगरपालिकाका सभापति घाइते भएका छन् । कलैयास्थित करणराज पार्टी प्यालेसमा शनिबार आयोजना गरिएको बैठकमा सांसद र पुराना कार्यकर्ताबीच विवाद हुँदा स्थिति कुटाकुटमा परिणत भएको हो ।



झडपमा रास्वपाका महागढीमाई नगर सभापति बिक्रम यादव र सिम्रौनगढ नगर सभापति साहेब अन्सारीसहित तीन जना घाइते भएका छन् । घाइतेहरूको अहिले कलैया प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ । रास्वपा बाराका संस्थापक अध्यक्ष चन्दन स्वर्णकारका अनुसार बैठकमा पार्टीका पुराना र संस्थापक कार्यकर्ताहरूमाथि हातपात भएपछि तनाव सिर्जना भएको थियो । उपचाररत महागढीमाई नगर सभापति बिक्रम यादवले सांसद अरबिन्द साहले आफ्नो हात समातेर गुण्डाहरू मार्फत कुटपिट गर्न लगाएको आरोप लगाएका छन् । बैठकमा सहभागी भएका सांसदहरूले बाहिरबाट मानिसहरू ल्याएर पुराना कार्यकर्तामाथि दमन गर्न खोजेको असन्तुष्ट पक्षको दाबी छ ।

पार्टीभित्र स्थानीय तहको निर्वाचनका लागि उम्मेदवारको टिकट पहिले नै बिक्री गरेको सूचना बाहिरिएपछि पुराना कार्यकर्ताले सो विषयमा स्पष्टीकरण सोध्न खोज्दा विवाद सुरु भएको बताइएको छ । यसका साथै, संस्थापक जिल्ला अध्यक्ष चन्दन स्वर्णकारको साधारण सदस्यता खारेज गरिएपछि जिल्लाका पुराना पदाधिकारी र सांसदहरूबीच केही समयदेखि सम्बन्ध चिसिएको थियो ।

विवाद समाधानका लागि केन्द्रबाट प्रतिनिधि कामनी चौधरीलाई पठाएर विस्तारित बैठक राखिए पनि स्थिति नियन्त्रण बाहिर गएको हो । आक्रोशित कार्यकर्ताहरूले बैठकस्थलमा पार्टी प्रतिनिधिका साथै जिल्लाका चारैजना सांसदहरूमाथि समेत हातपातको प्रयास गरेका थिए । तनाव बढेपछि सुरक्षाकर्मीले रास्वपा बारा क्षेत्र नम्बर-१ का सांसद गणेश धिमाल-२ का सांसद चन्दन सिंह, ३ का सांसद अरविन्द साह, ४ का सांसद रहबर अन्सारी र केन्द्रीय प्रतिनिधि कामनी चौधरीलाई सुरक्षा घेराभित्र राखेर बाहिर निकालेको थियो ।

बैठकमा नयाँ प्रवेश गरेकाहरूले कार्यसमितिलाई कब्जा गर्न खोजेको र वर्षौंदेखि संगठन विस्तारमा लागेका कार्यकर्तालाई पाखा लगाइएको भन्दै संस्थापक पक्ष रुष्ट बनेको छ ।

यता, बैठकस्थलबाट बाहिरिएका सांसदहरूले कलैयाको बरेवा दरबार होटलमा पत्रकार सम्मेलन गर्दै घटनाको खण्डन गरेका छन् । सांसदहरू गणेश धिमाल, चन्दन सिंह र अरविन्द साहले विस्तारित बैठकमा कुनै अप्रिय घटना नभएको दाबी गर्दै सञ्चारमाध्यममा आएका समाचारहरूलाई अपवाह भएको बताए । उनीहरूले आफूहरूमाथि कुटपिट नभएको र बैठक शान्तिपूर्ण रहेको दाबी गरे ।

# एकीकृत स्वास्थ्य स्क्रिनिङ तथा रोकथाम शिविरमा ४ सयभन्दा बढी महिलाको सहभागिता

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, ९ जेठ**

महिलामा बढ्दो जटिल स्वास्थ्य समस्यालाई लक्षित गर्दै सिरहाको मिर्चैया नगरपालिकाले सञ्चालन गरेको एकीकृत स्वास्थ्य स्क्रिनिङ तथा रोकथाम शिविरमा ४ सयभन्दा बढी महिलाको सहभागिता रहेको छ ।



३० देखि ६० वर्ष उमेर समूहका महिलालाई लक्षित गरी आयोजना गरिएको शिविरमा स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर, आङ खस्ने समस्या, प्रसूति फिस्टुला तथा बाझोपन सम्बन्धी निःशुल्क परीक्षण, परामर्श र स्क्रिनिङ सेवा प्रदान गरिएको नगरपालिकाले जनाएको छ ।

मिर्चैया अस्पताल परिसरमा आयोजित शिविरमा बिहानैदेखि महिलाहरूको बाक्लो उपस्थिति देखिएको थियो । धेरै महिलाले पहिलो पटक आफ्नै नगरमा विशेषज्ञ स्वास्थ्य सेवा सहज रूपमा प्राप्त गरेको भन्दै खुसी व्यक्त गरेका थिए ।

नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख राजन कुमार साहले महिलामा लुकेर रहेका रोग समयमै पहिचान गरी उपचारको पहुँच विस्तार गर्ने उद्देश्यले शिविर सञ्चालन गरिएको बताए । उनले महिलाहरू स्वास्थ्यप्रति पहिलेभन्दा सचेत बन्दै गएको र शिविरप्रति उत्साहजनक सहभागिता देखिनु सकारात्मक संकेत भएको उल्लेख गरे । 'गम्भीर रोगलाई प्रारम्भिक अवस्थामै पहिचान गर्न सके उपचार प्रक्रिया सहज र प्रभावकारी हुन्छ,' उनले भने, 'त्यसैले महिलाको स्वास्थ्य सुरक्षाका लागि यस्ता शिविर आवश्यक छन् ।'

शिविरमा विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मीको टोलीले स्वास्थ्य परीक्षण गर्दा धेरै महिलामा प्रारम्भिक अवस्थामै विभिन्न समस्या पहिचान भएको जनाएको छ । सहभागी महिलाहरूले गाउँ नगरमै विशेषज्ञ सेवा उपलब्ध हुँदा उपचारका लागि टाढा धाउनुपर्ने बाध्यता कम भएको प्रतिक्रिया दिए । नगरपालिकाले आगामी दिनमा पनि महिलाको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

## *स्थानीय योजना निर्माण..........................*

सचेतना आवश्यक रहेको उल्लेख गर्दै भने, "१४ वर्ष नपुग्दासम्म बालबालिकाले श्रम गर्नु हुँदैन।" उनले आधारभूत तहसम्मको शिक्षा निःशुल्क रहेको जानकारी दिँदै बालबालिकाले उठाएका योजनाबारे गाउँपालिकाले आवश्यक छलफल गरी समस्या समाधानतर्फ पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा रतौली युवा क्लबका कार्यकारी निर्देशक वैधनाथ चौधरी, पिपरा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष कुमार मिश्र, शिक्षा शाखा प्रमुख तथा पिपरा गाउँपालिका वडा नं. १, ३ र ६ का वडा अध्यक्षको उपस्थिति रहेको थियो । कार्यक्रमको अन्त्यमा पिपरा बाल सञ्जालकी अध्यक्ष जागृति चौधरीले स्वागत मन्तव्य राख्दै सहभागी सबैलाई धन्यवाद व्यक्त गर्दै कार्यक्रमको समापन गरेकी थिइन् ।

### तपाईको टुडे

- मेष: अशुभ समाचार प्राप्त हुने
- वृष: पढाईमा ध्यान दिनुपर्ने
- मिथून: लामो यात्राको योग छ
- कर्कट: पिछडेको साथी मिल्न
- सिंह: अनावश्यक चिन्ता
- कन्या: विचार गरेर बोल्नुहोला
- तुला: शुभ कार्यको शुरुवात
- वृश्चिक: मनमा पछुतो आउने
- धनु: मित्रतामा फाटो आउने
- मकर: खानपानमा समस्या आउने
- कूम्भ: अनावश्यक खर्चको संभावना
- मीन: आम्दानी हुने


### मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


### आवश्यक टेलिफोन नम्बरहरु

**जलेश्वर**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

**जनकपुर**

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# सी जिनपिङको पीएलए सफाया: चीनको सैन्य मनोबललाई कमजोर पार्ने आतङ्कको शासन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ९ जेठ**



सी जिनपिङको पीपुल्स लिबरेशन आर्मी (पीएलए) को ठूलो मात्रामा सफाया नयाँ र खतरनाक चरणमा प्रवेश गरेको छ। जसले चीनको सैन्य प्रणालीको जग हल्लाएको छ र सबै पदहरूलाई निराश पारिरहेको डरको वातावरण सिर्जना गरेको छ।

मे ७, २०२६ मा पूर्व रक्षामन्त्रीहरू ली शाङ्फु र वेई फेङ्हेलाई दिइएको निलम्बित मृत्युदण्डले चिनियाँ कम्युनिस्ट पार्टी (सीसीपी) को इतिहासमा एउटा मोड लियो। दुवै पुरुष, एक समय सीका विश्वासिला सहयोगीहरू, घूसखोरी र भ्रष्टाचारको दोषी पाइएका थिए र उनीहरूको पराजयले पूर्ण शक्ति सुदृढीकरण गर्न आफ्नो नजिकका व्यक्तिहरूलाई पनि बलिदान दिन सीको तत्परतालाई प्रदर्शन गर्दछ। भ्रष्टाचार विरोधी अभियानको रूपमा हेरिएको यो अभियानलाई अनुशासनको सट्टा डर पैदा गर्न डिजाइन गरिएको आतङ्कको शासनको रूपमा बढ्दो रूपमा हेरिएको छ, जसले पीएलएलाई कमजोर र विचलित बनाएको छ। यी सजायहरूको गम्भीरताले सेनाभरका अधिकारीहरूलाई स्तब्ध बनायो। दशकौंसम्म, यस्ता उच्च पदस्थ जनरलहरूले ठूलो सजायबाट बच्न सकेका थिए, तर मृत्युदण्डमा रोक लगाउने र त्यसको सट्टा मृत्युदण्ड दिने सीको निर्णयले डरको वातावरण सिर्जना गरेको छ।

मध्यम स्तरीय र कनिष्ठ अधिकारीहरू अब चिन्ता गर्छन् कि तिनीहरूको वफादारी वा प्रदर्शनको पर्बाह नगरी अर्को लक्ष्य हुन सक्छन्। विश्लेषकहरू भन्छन् कि शङ्काको यो वातावरणले पीएलए भित्र एकतालाई कमजोर बनाइरहेको छ। जसले गर्दा सैनिकहरू प्रमुख कारबाही गर्न हिचकिचाउँछन् र कमान्डरहरू पहल गर्न हिचकिचाउँछन्। यो शुद्धीकरणले पद र नेतृत्व बीचको विश्वासलाई प्रभावकारी रूपमा नष्ट गरेको छ, यसलाई बदलाको डरले प्रतिशोधको रूपमा प्रतिस्थापन गरेको छ।

सीको अभियान ली र वेईमा रोकिँदैन। जनवरी २०२६ मा, केन्द्रीय सैन्य आयोगका उपाध्यक्ष झाङ युक्सिया र संयुक्त कर्मचारी विभागका प्रमुख लिउ झेनली विरुद्ध अनुसन्धानको घोषणा गरिएको थियो। दुवै आफ्नो आधिकारिक पदमा रहन्छन् तर सार्वजनिक दृष्टिकोणबाट गायब भएका छन्। जसले सीको शुद्धीकरणको अपूर्ण र अप्रत्याशित प्रकृतिलाई सङ्केत गर्दछ।

# 'कान्स क्वीन' ऐश्वर्या रायलाई रेड कार्पेटमा बेवास्ता गरिएको दाबी, आक्रोशित फ्यानले के भने ?



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ९ जेठ**

विश्वकै प्रतिष्ठित 'कान्स फिल्म फेस्टिभल'मा हरेक वर्ष आफ्नो जादु छर्ने बलिउड अभिनेत्री ऐश्वर्या राय बच्चन यसपटक भने एउटा भिन्न कारणले चर्चामा छिन्।

सामाजिक सञ्जालमा एउटा पोस्ट भाइरल भइरहेको छ, जसमा ऐश्वर्यालाई कान्सको रेड कार्पेटमा अन्तर्राष्ट्रिय फोटोग्राफरहरूले बेवास्ता गरेको दाबी गरिएको छ। यस दाबीपछि सामाजिक सञ्जालमा ठूलो बहस सुरु भएको छ र ऐश्वर्याका फ्यानहरूले यसलाई नकारात्मक पीआरको संज्ञा दिँदै आक्रोश व्यक्त गरिरहेका छन्।

भाइरल भएको भिडियो र पोस्टमा ऐश्वर्या राय रेड कार्पेटमा हिँडिरहँदा केही फोटोग्राफरहरूले उनलाई फोटो खिच्न आग्रह नगरेको वा अन्यत्र हेरिरहेको जस्तो देखिएको दाबी गरिएको छ। कतिपयले ऐश्वर्याको पुरानो क्रेज अहिले अन्तर्राष्ट्रिय मिडियामा कम हुँदै गएको टिप्पणी समेत गरेका छन्। ऐश्वर्याका फ्यानहरूले भने यो कुरालाई पूर्णतया अस्वीकार गरेका छन्। उनीहरूका अनुसार यो ऐश्वर्याको छवि बिगार्नका लागि नियोजित रूपमा चलाइएको 'नेगेटिभ पीआर' मात्र हो।

फ्यानहरूले सामाजिक सञ्जालमा लेखेका छन्, "ऐश्वर्या विगत दुई दशकदेखि कान्सको शान रहँदै आएकी छिन्, उनलाई कसैले इग्नोर गर्न सक्दैन।"

केही फ्यानहरूले अन्य भिडियोहरू सेयर गर्दै फोटोग्राफरहरूले ऐश्वर्यालाई 'ऐश-ऐश' भनेर बोलाइरहेको र उनको तस्बिर लिन लुछाचुँडी गरिरहेको प्रमाण समेत पेश गरेका छन्।

# राष्ट्र बैंकको निर्देशन: ज्येष्ठ र अपाङ्गता भएका नागरिकलाई विशेष व्यवस्था गर्नू

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ९ जेठ**



नेपाल राष्ट्र बैंकले ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक र साक्षरता नभएका व्यक्तिलाई विशेष प्राथमिकता दिई सहज रूपले बैंकिङ सुविधा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ।

केन्द्रीय बैंकले क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थालाई एकीकृत निर्देशन जारी गर्दै त्यस्ता वर्गका ग्राहकलाई विशेष काउण्टर तोकेर सेवा प्रदान गर्न भनिएको हो। इजाजतप्राप्त संस्थाले एकापसमा सहकार्य गरी प्रत्येक स्थानीय तहमा कम्तीमा एक शाखा अपाङ्गमैत्री बनाउनुपर्ने र त्यस प्रकारका शाखाको विवरण आफ्नो वेबसाइटमा राख्नुपर्ने नयाँ व्यवस्था गरिएको छ।

बैंक तथा वित्तीय संस्थाले 'एटिएमलाउञ्ज' भएका स्थानमा ब्रेललिपिका सङ्केत तथा ध्वनि सहयोगसहितका कम्तीमा एक अपाङ्गमैत्री एटिएम राख्नुपर्ने नेपाल राष्ट्र बैंकले जनाएको छ। यस्तो विवरण पनि आफ्नो वेबसाइटमा सार्वजनिक गर्नुपर्नेछ। अपाङ्गता भएका व्यक्तिले एटिएम, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङलगायत वित्तीय सेवा व्यक्ति स्वयंले उक्त सेवा उपयोग गर्नसक्ने स्वघोषणा गरेको खण्डमा इजाजतप्राप्त संस्थाले त्यस्तो सेवा उपलब्ध गराउनुपर्नेछ।

आफ्नो वेबसाइट तथा मोबाइल बैंकिङ एप दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिलेसमेत प्रयोग गर्न सकिने गरी विकास गर्नुपर्नेछ। त्यस्तै, क्रेडिट र डेबिट कार्डमा दृष्टिविहीनमैत्री प्रविधिसमेत जडान भएको हुनुपर्ने व्यवस्था गरिएको छ। यसैगरी अतिरिक्त समयमा काममा खटाउँदा प्रचलित व्यवस्था बमोजिम अतिरिक्त पारिश्रमिक प्रदान गर्ने व्यवस्था मिलाउनुपर्ने एकीकृत निर्देशनमा उल्लेख छ। साथै कार्यालय समयका अतिरिक्त समयमा काम गर्न कर्मचारी बाध्य नहुने र बाध्य पार्न नपाइनेसमेत निर्देशनमा उल्लेख छ।

# छात्रा फुटबलमा गिद्धा बेलापट्टी विजयी

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ९ जेठ**



धनुषामा जारी अन्तर माविस्तरीय छात्रा फुटबल प्रतियोगिताको दोश्रो खेलमा गिद्धा बेलापट्टी विजयी भएको छ।

जापान सरकार र प्लान इन्टरनेशन नेपालको सहयोगमा आसमान नेपालले आयोजना गरेको छात्रा फुटबल प्रतियोगिता अन्तर्गत शनिबार भएको खेलमा गिद्धा बेलापट्टीले मावि दुहबीलाई शुन्यका विरुद्ध १ गोलले पराजित गरेको छ। गिद्धा बेलापट्टीका लागि आरती कुमारी महराले एक मात्र निर्णायक गोल गरिन्। खेलको पहिलो हाफमै आरतीले विपक्षीको रक्षापंक्तिलाई छकाउँदै गोल गरेकी थिइन्। आरतले गरेकै गोल खेलमा निर्णायक बन्यो। गोल स्कोरर आरतीलाई खेलको प्लेयर अफ दी म्याच प्रदान गरिएको छ। खेल सुरु भएलगत्तै वर्षा सुरु भएपनि खेल भने रोकिएको थिएन्। वर्षामा पनि छात्राहरुले खेललाई निरन्तरता दिएकी थिइन्।

छात्रा फुटबल प्रतियोगिताको तेश्रो संस्करणको उद्घाटन शुक्रबार भएको थियो। आउँदो जेठ १५ गतेसम्म संचालन हुने फुटबल प्रतियोगितामा विजेता टोलीलाई ट्रफी र मेडल प्रदान गरिने छ। प्रतियोगिताको फाइनल खेल जनकनन्दनी गाउँपालिकाको फुटबल मैदानमा हुने छ। विदेह नगरपालिकाका पाँच र जनकनन्दनी गाउँपालिकाका तीन गरी आठ टोली सहभागी प्रतियोगिताका खेलहरु दुई वटा मैदानमा हुन लागेको छ।

# बाल संस्कार पंचमहायज्ञ विधिपूर्वक आयोजन

**ओपि साह**
**जनकपुरधाम, ९ जेठ**



ज्ञान गंगा इन्टरनेशनल पब्लिक स्कूल, जनकपुरधाममा "बाल संस्कार पंचमहायज्ञ" कार्यक्रम विधिपूर्वक सम्पन्न भएको छ। विद्यालय परिसरमा आयोजित उक्त धार्मिक तथा सांस्कारिक कार्यक्रममा विद्यार्थी, अभिभावक तथा समाजसेवीहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रम अन्तर्गत वैदिक विधिअनुसार ब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, भूतयज्ञ तथा अतिथियज्ञ सम्पन्न गरिएको आयोजकले जनाएको छ। बालबालिकामा नैतिक शिक्षा, संस्कार, अनुशासन तथा वैदिक परम्पराप्रति जागरण ल्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको विद्यालयका प्रअ पवन कुमार साहले जानकारी दिएको छ।

वैदिक पुरोहित श्री विजय झा द्वारा मन्त्रोच्चारण सहित सम्पन्न महायज्ञमा सहभागीहरूले धार्मिक वातावरणमा पूजा-आराधना गर्दै संस्कारमूलक शिक्षा आजको आवश्यकता रहेको बताएका थिए।

विद्यालयले यस्ता कार्यक्रमले विद्यार्थीहरूमा सकारात्मक सोच, संस्कृति संरक्षण तथा आध्यात्मिक चेतना विकास गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ।

# चार महिनामा महोत्तरीमा २०९ जनाले आमाको नामबाट नागरिकता प्राप्त गरे

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ९ जेठ**



पछिल्ला चार महिनामा महोत्तरीमा २०९ जनाले आमाको नामबाट नागरिकता प्राप्त गरेका छन्। माघ महिनायताका चार महिनामा आमाको नामबाट नागरिकता लिनेको संख्या २०९ पुगेको प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले जानकारी दिए।

गत पुस ११ गतेको मन्त्रिपरिषद्को बैठकले निर्णय गर्दै बाबुको पहिचान नखुलेका सन्तानलाई आमाको नामबाट नागरिकता दिने व्यवस्था गरेको थियो। त्यसपछि पुस २१ मा नेपाल राजपत्रमा सूचना प्रकाशित भएको थियो। त्यसलगत्तै गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयमा परिपत्र गरी यो व्यवस्था कार्यान्वयन गर्न भनेको थियो। सोही क्रममा सबै आवश्यक कागजी प्रक्रिया पूरा गरेर माघ ६ गतेदेखि जिल्ला प्रशासन कार्यालयबाट आमाको नामबाट नागरिकता वितरण सुरु गरिएको प्रजिअ यादवले बताए।

जनअनुसार नेपाली नागरिक आमाबाट नेपालमै जन्मिएका र बाबुको पहिचान हुन नसकेका व्यक्तिहरूले आवश्यक स्वघोषणा र प्रक्रिया पूरा गरेर वंशजका आधारमा नागरिकता प्राप्त गरेको उनले जानकारी दिए।

# निर्यात प्रवर्द्धनका लागि भ्याटको शून्यदर

-नेपालजस्तो भूपरिवेष्टित मुलुकका लागि निर्यात प्रतिस्पर्धात्मकता दिगो आर्थिक विकासको प्रमुख आधार हो । 'तौलरहित-दूरीरहित व्यापार' को अवधारणाअनुसार मूल्य अभिवृद्धि कर फिर्ता प्रणालीलाई सरल, छिटो, डिजिटल र पारदर्शी बनाउनुपर्छ । मूल्य अभिवृद्धि कर (भ्याट) प्रणालीले निर्यातमा शून्य दर लागू गरेर निर्यातकर्तालाई इनपुट कर फिर्ता दिने व्यवस्था गरेको छ, जसले अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता र विदेशी मुद्रा आम्दानीमा टेवा पुर्‍याउँछ। नेपालमा कर छुट भएका वस्तु तथा सेवाको निर्यातमा दर्ता नगर्ने व्यवहारले निर्यात प्रवर्द्धनमा अवरोध सिर्जना गरेको छ, त्यसैले निर्यातकर्तालाई दर्ता गराई इनपुट कर फिर्ता दिने प्रक्रिया सरल र पारदर्शी बनाउनुपर्छ ।

सूचना प्रविधि तथा डिजिटल सेवाको निर्यातमा स्पष्टता र कानुनी सुधार आवश्यक छ, ताकि विदेशी लगानी र निर्यात विस्तारमा सकारात्मक प्रभाव पार्न सकियोस् । आर्थिक दृष्टिले प्रभावकारी कर प्रणालीका रूपमा चिनिन्छ- मूल्य अभिवृद्धि कर (भ्याट)। यसलाई बीसौं शताब्दीको सार्वजनिक वित्त व्यवस्थापनमा भएका सबैभन्दा महत्त्वपूर्ण नवप्रवर्तनमध्ये एक मानिन्छ । यसको प्रमुख विशेषता हो- लगानी र निर्यातलाई करको भारबाट मुक्त गर्नु, जसले उत्पादन दक्षता वृद्धि गर्छ अनि अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता पनि सुदृढ बनाउँछ । मूल्य अभिवृद्धि कर ऐनअनुसार, स्पष्ट रूपमा छुट दिइएका बाहेक सबै वस्तु तथा सेवामा यो कर लाग्छ । यसको अर्थ हो- यो करको प्रयोजनका लागि वस्तु तथा सेवालाई दुई वर्गमा विभाजन गरिन्छ : करयोग्य र कर छुट । करयोग्य वस्तु तथा सेवालाई पुनः दुई भागमा विभाजन गरिन्छ : सामान्य दर लाग्ने र शून्य दर लाग्ने । कर छुट प्राप्त वस्तु तथा सेवाको कारोबार गर्ने आपूर्तिकर्तालाई मूल्य अभिवृद्धि करका लागि दर्ता गर्न वा करसम्बन्धी अन्य औपचारिकता निभाउन आवश्यक हुँदैन । तर, आफ्नो व्यवसायका लागि खरिद वा पैठारी गर्ने वस्तु तथा सेवामा यो कर उनीहरूले तिर्नुपर्छ। दर्ता नभएकाले उनीहरू बिक्रीमा कर असुल गर्न सक्दैनन् । र, तिरेको 'इनपुट' कर कटौती वा फिर्ता पनि पाउन सक्दैनन् । त्यसैले उनीहरूको बिक्री कर छुट भए पनि 'इनपुटुस्' मा कर लागिरहने भएकाले कर छुटले पूर्ण रूपमा कर भार हटाउँदैन, आंशिक राहत मात्रै प्रदान गर्छ ।


यसविपरीत, करयोग्य वस्तु तथा सेवा (सामान्य वा शून्य दरअन्तर्गत पर्ने) का आपूर्तिकर्ताले मूल्य अभिवृद्धि करका लागि दर्ता हुनुपर्छ । र, सबै कानुनी दायित्व पूरा गर्नुपर्छ। उनीहरूले 'इनपुट्स' मा कर तिर्नुपर्छ, विक्रीमा कर असुल गर्नुपर्छ र फरक रकम सरकारलाई बुझाउनुपर्छ । 'इनपुट्स' कर बढी भए बढी भएको रकम सरकारबाट फिर्ता माग गर्न सक्छन्। निर्यातमा शून्य दर लागू हुन्छ। यसको अर्थ निर्यात करयोग्य आपूर्तिअन्तर्गत पर्छ, तर करको दर शून्य हुने भएकाले निर्यातित वस्तु तथा सेवामा वास्तवमा तिर्नुपर्ने कर शून्य हुन्छ । अर्कोतर्फ निर्यातकर्ताले आफ्नो निकासी कारोबार सञ्चालन गर्ने क्रममा तिरेका सबै 'इनपुट्स' कर फिर्ता पाउँछन्। यी 'इनपुट्स' मा कच्चा पदार्थ, सहायक सामग्री, रसायन, रंग, मेसिनरी, उपकरण, कार्यालय सामग्री, स्टेसनरी, सूचना प्रविधि उपकरण, इन्धन तथा दूरसञ्चार सेवा आदि समावेश हुन्छन् । यसरी शून्य दरले निर्यातलाई करको भारबाट पूर्ण रूपमा मुक्त गर्छ, जसले अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता वृद्धि, विदेशी मुद्राको आम्दानी विस्तार, भुक्तानी सन्तुलन सुदृढीकरण तथा रोजगारी र आर्थिक वृद्धिमा योगदान पुऱ्याउँछ । नेपालको अभ्यासः नेपालले मूल्य अभिवृद्धि कर प्रणालीलाई यसको मूल सिद्धान्त तथा अन्तर्राष्ट्रिय असल अभ्यासअनुसार लागू गरेको छ । करयोग्य वस्तु र सेवामा १३ प्रतिशतको एकल दर र निर्यातमा शून्य दर लागू गरेको छ। र, केही वस्तु तथा सेवामा कर छुटको व्यवस्था पनि कायम गरिएको छ । कर छुट भएका वस्तु तथा सेवा मूल्य अभिवृद्धि कर ऐनको अनुसूची-१ मा सूचीकृत छन् । यस्ता वस्तु तथा सेवाको मात्रै कारोबार गर्ने व्यवसायहरूले यस करका लागि दर्ता हुनु पर्दैन । र, यो करसम्बन्धी कुनै औपचारिकता पनि पूरा गर्नु पर्दैन । तर, उनीहरूले 'इनपुट्स' मा तिरेको कर कटौती वा फिर्ता पाउन पनि सक्दैनन् । मूल्य अभिवृद्धि कर ऐनको अनुसूची-२ ले निर्यातमा शून्य दर लागू व्यवस्था गरेको छ । यसको अर्थ निर्यात शून्य दरमा करयोग्य भए पनि 'इनपुट' कर पूर्ण रूपमा फिर्ता पाउने व्यवस्था छ । यो मूल्य अभिवृद्धि करको सिद्धान्त र अन्तर्राष्ट्रिय अभ्यासअनुसारै हो । तर, नेपालमा मूल्य अभिवृद्धि कर लागू गरेको बेलाको अवस्थामाथि विचार गरेर कर छुट भएका वस्तु तथा सेवाको निर्यातमा यो कर लगाउने सन्दर्भमा केही व्यावहारिक विचलन निम्त्याएको थियो ।



मूल्य अभिवृद्धि करको प्रमुख उद्देश्यमध्ये एक हो- निर्यात प्रवर्द्धन । सन् १९९० को दशकको मध्यतिर मूल्य अभिवृद्धि कर कानुन निर्माणका समयमा नेपालको तेस्रो मुलुकतर्फ हुने निर्यातमा कार्पेट र तयारी पोसाकको हिस्सा ८० प्रतिशतभन्दा बढी थियो । मूल्य अभिवृद्धि कर निर्यातमा शून्य दर लाग्ने भएकाले निकासीकर्ताले 'इनपुट' मा तिरेको कर फिर्ता पाउने हुँदा यी वस्तु विदेशी वजारमा अझ बढी प्रतिस्पर्धी हुने अपेक्षा गरिएको थियो । तर, त्यतिबेला कार्पेट तथा तयारी पोसाक संघहरूले सरकारबाट मूल्य अभिवृद्धि कर फिर्ता पाइन्छ भन्ने विश्वास गरेनन्। त्यसैले यी वस्तुलाई कर छुट दिनुपर्ने र मूल्य अभिवृद्धि कर प्रणाली पूर्ण रूपमा लागू भएर कर फिर्ता व्यवस्था सुचारु रूपमा सञ्चालन नभएसम्म कर छुट भएका वस्तु तथा सेवाका निकासीकर्तालाई दर्ता अनिवार्य नगरियोस् भन्ने तिनको धारणा थियो। कर छुटको सूचीमा भएका वस्तु तथा सेवाको निकासी गर्ने व्यक्तिलाई करको मर्म, अन्तर्राष्ट्रिय असल अभ्यास र हाम्रो मूल्य अभिवृद्धि कर कानुनअनुसार दर्ता गर्नुपर्ने भए पनि व्यवहारमा कर छुट भएका वस्तु तथा सेवाको निकासीकर्तालाई मूल्य अभिवृद्धि करमा दर्ता नगर्ने व्यवहार अपनाइयो । र, यस अभ्यासले अहिलेसम्मै निरन्तरता पाइरहेकै छ। हाल नेपालमा विदेशी लगानी आकर्षित गर्ने र निर्यात विस्तार गर्ने आवश्यकता अत्यन्तै महत्त्वपूर्ण विषय बनेको छ। यस सन्दर्भमा मूल्य अभिवृद्धि करको सिद्धान्तअनुसार, अनुसूची-१ मा रहेका वस्तु तथा सेवालाई आन्तरिक बिक्रीका लागि मात्रै कर छुट मानिनुपर्छ। तर, यस्ता वस्तु तथा सेवाको निर्यातमा भने शून्य दर लागू गर्दै निर्यातकर्तालाई मूल्य अभिवृद्धि करमा दर्ता गराई तिनीहरुले 'इनपुट्स' मा तिरेको कर निकासीकर्तालाई सरल, शीघ्र र पारदर्शी रूपमा फिर्ता दिने व्यवस्था हुनुपर्छ । साथै यसबारे कर प्रशासन, करदाता र अन्य सरोकारवालाका लागि व्यापक जनचेतना कार्यक्रम सञ्चालन गरिनुपर्छ । निर्यात सेवासम्बन्धी नयाँ चुनौतीः निर्यात सेवामा शून्य दर लागू गर्ने विषयमा विशेषगरी नेपालमा विकसित सफ्टवेयर तथा आईसीटी सेवाहरू विदेशी लगानी भएका कम्पनीले आफ्ना मूल कम्पनीलाई आपूर्ति गर्दा स्पष्टता देखिँदैन। यो विषय २०८० सालको अन्त्यतिर राजस्व अनुसन्धान विभागले कोटिभिटीविरुद्ध दायर गरेको कर विवादपछि विशेष चर्चामा आएको हो। सो समयमा म लाइबेरियामा कार्यरत रहँदा प्रधानमन्त्री कार्यालयका सचिव तथा आन्तरिक राजस्व विभागका महानिर्देशकले यस विषयमा मेरो धारणा मागेका थिए ।

मैले स्पष्ट भनेको थिएँ, 'निर्यात सेवामा शून्य दर लागू हुने र इनपुट्समा तिरेको कर निकासीकर्तालाई कुनै विवादबिना नै फिर्ता हुनुपर्छ ।' यद्यपि औपचारिक निर्णय नभए पनि अनिश्चितता कायमै रहँदा कोटिभिटी जस्ता कम्पनीहरू प्रभावित छन्। र, विदेशी लगानी तथा आईसीटी निर्यातमा नकारात्मक प्रभाव पर्ने जोखिम देखिएको छ। कानुनी व्यवस्था र संशोधनः मूल्य अभिवृद्धि कर ऐनको प्रारम्भिक अनुसूची-२ मा नेपालबाहिर निकासी गरिने वस्तुहरू, नेपाल बाहिर आपूर्ति गरिने सेवाहरू र परिवर्त्य विदेशी मुद्रामा भुक्तानी प्राप्त हुने वस्तु तथा सेवामा मूल्य अभिवृद्धि करको शून्य दर लाग्ने स्पष्ट व्यवस्था थियो । तर, पछिल्ला संशोधनले यो व्यवस्था सीमित गर्दै (क) नेपालमा बसोबास गर्ने व्यक्तिले नेपालमा कुनै व्यावसायिक उपस्थिति, प्रतिनिधित्व वा कानुनी प्रतिनिधि नभएको विदेशी व्यक्तिलाई सेवा आपूर्ति गर्दा वा (ख) नेपालमा दर्ता भएको व्यक्तिले नेपाल बाहिर बसोबास गर्ने व्यक्तिलाई वस्तु वा सेवा आपूर्ति गर्दा शून्य दर लाग्ने व्यवस्था गरेको थियो । त्यो अहिलेसम्मै कायम छ । यो व्यवस्था मूल्य अभिवृद्धि करको आधारभूत सिद्धान्त र अन्तर्राष्ट्रिय असल अभ्याससँग मेल खाँदैन । मूल्य अभिवृद्धि करको मूल आधार 'गन्तव्य सिद्धान्त' हो, जसअनुसार उपभोग हुने स्थानमा कर लाग्छ। त्यसैले आन्तरिक उपभोगमा कर लाग्नुपर्छ र निर्यातलाई शून्य दरमार्फत पूर्ण रूपमा करमुक्त गर्नुपर्छ । नेपालमा व्यावसायिक उपस्थिति वा प्रतिनिधित्व हुनु मात्रैले उपभोग नेपालमै भएको प्रमाणित हुँदैन। भन्सार कागजात, विदेशी मुद्रा प्राप्तिको प्रमाण र 'इनपुट्स' मा कर तिरेको प्रमाणका आधारमा वस्तु वा सेवा निर्यात भएको हो भन्ने स्थापित भए कर फिर्ता माग गरेको ३० दिनभित्रै मूल्य अभिवृद्धि कर फिर्ता दिनुपर्छ । ढिलाइ भए वार्षिक १५ प्रतिशत ब्याजसहित फिर्ता दिनुपर्ने व्यवस्थालाई प्रभावकारी रूपमा लागू गर्नुपर्छ। यस सन्दर्भमा मूल्य अभिवृद्धि कर ऐनको अनुसूची-२ को उपदफा (क) ले अनावश्यक अस्पष्टता सिर्जना गरेको छ । त्यसलाई हटाई प्रारम्भिक व्यवस्थाअनुसार 'नेपाल बाहिर आपूर्ति गरिने सेवाहरू' भन्ने स्पष्ट प्रावधान पुनः स्थापित गर्नुपर्छ ।

**साभार : कान्तिपुर ।**


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: ढिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday